कोशी प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

# प्रदेश राजस्व कार्यालय

इटहरी, सुनसरी, नेपाल

प.सं. :- ०८३/८४

च.नं. :- ७०

मिति :- वि.सं. २०८३/०४/२७

ने.स. :- ११४६ दिल्लागा,३० बुधवार

विषयः सवारी साधन कर तथा जरिवाना छुट सम्बन्धमा।

श्री सबै मन्त्रालय/सचिवालय/आयोग/कार्यालयहरु , कोशी प्रदेश, विराटनगर।

श्री महानगरपालिका/ उप-महानगरपालिका, नगरपालिका, गाउँपालिका सबै, कोशी प्रदेश, नेपाल।

श्री सबै निर्देशनालय/कार्यालयहरु , कोशी प्रदेश।

प्रस्तुत विषयमा कोशी प्रदेश आर्थिक ऐन, २०८३ बमोजिम **सवारी साधन कर तथा जरिवाना छुटको प्रावधान**बारे जानकारी गराउन यसै पत्रसाथ संलग्न गरिएको छ। सरकारी निकाय/ कार्यालयको नाममा दर्ता रहेका सवारी साधनको कर तिर्न वा दर्ता किताब नवीकरण गर्न बाँकी भएमा सम्बन्धित यातायात व्यवस्था/सेवा कार्यालयमा गई समयमै सवारी साधन कर तिर्न, बुझाउन हुन अनुरोध गर्दछु।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Bidur Poudel
pro.koshi82@gmail.com

(विदुर पौडेल)

शाखा अधिकृत

## कोशी प्रदेश आर्थिक ऐन,२०८३ अनुसार सवारी साधन कर, जरिवाना छुट सम्बन्धी जानकारी

| दफा/ अनुसूची | भएको व्यवस्था | समयावधि |
|---|---|---|
| अनुसूची-२ को बुँदा नं. १९ | सवारी साधन कर तथा नवीकरण दस्तुर **तीन वर्ष भन्दा बढी अवधिसम्म बक्यौता** रहेकोमा पछिल्लो तीन वर्षको सवारी साधन कर तथा नवीक्रण दस्तुर र जरिवाना लिई **बाँकी अवधिमा लाग्ने जरिवाना मात्र छुट** दिई नवीकरण गर्न सकिनेछ। (सबै प्रकारका सवारी साधनलाई लागू हुने।) | २०८४ जेठ मसान्त सम्म |
| ऐ. बुँदा नं. २० | सरकारी निकायको नाममा दर्ता भएका सवारी साधन **लिलाम गर्दा कर तिर्न बाँकी** रहेछ भने बाँकी अवधिको सवारी साधन **कर छुट** गरी त्यस्तो सवारी साधनको लगत कट्टा गरिनेछ। | आ.व. २०८३/८४ |
| ऐ. बुँदा नं. २१ | पाँच वर्ष भन्दा बढी अवधिको सवारी कर तिर्न बाँकी रहेको र दर्ता खारेज गर्न चाहेको सार्वजनिक तथा निजी सवारी धनीले **एक आर्थिक वर्ष २०८३/८४ को सवारी कर मात्र** बुझाएमा अन्य तिर्न बाँकी कर, शुल्क, दस्तुर तथा जरिवाना **छुट दिई** त्यस्ता सवारीको **लगत कट्टा गरिनेछ।** | २०८४ जेठ मसान्त सम्म |
| ऐ. बुँदा नं. १६ | बीस वर्ष आयु पूरा भई सार्वजनिक सवारी स्क्रयापमा गएको, जफत गरिएको, सवारी दुर्घटनामा परी **सञ्चालनमा नरहेको सवारीको दर्ता खारेज** गर्नु पर्दा कर बाँकी रहेको भए **आर्थिक वर्ष २०८३/८४ को सवारी कर मात्र बुझाएमा** अन्य तिर्न बाँकी कर, शुल्क, दस्तुर तथा जरिवाना **छुट** दिई त्यस्ता सवारी साधनको लगत कट्टा गरिनेछ। सवारी दर्ता प्रमाणपत्र हराएको वा नासिएको हकमा सम्बन्धित ट्राफिक प्रहरी कार्यालयको सिफारिसमा लगत कट्टा गरिनेछ। | २०८४ जेठ मसान्त सम्म |
| दफा १७ (ङ) | सार्वजनिक निर्माण कार्य, प्राकृतिक स्रोत उत्खनन् तथा विक्री कार्य लगायत सरकारी निकायसँगको सम्झौता अनुसार कार्य गर्ने व्यक्ति, फर्म, वा कम्पनीले प्रयोग गर्ने सवारी साधन वा हेभी उपकरणको **सवारी साधन कर तिरेको वा दर्ता किताब नवीकरण** गरेको कागजात हेर्न वा पेश गर्न लगाउनु पर्नेछ। | नियमित रुपमा |
| दफा १७ (सवारी कर वक्यौता असुल गर्न थप गरिएको) | **अनुसूची-१६ बमोजिम** नदीजन्य सामाग्री उत्खनन्, सङ्कलन, प्रशोधन वा विक्री वितरणमा प्रचलित कानूनको उल्लङ्घन गरेमा जरिवाना गर्न नियन्त्रणमा लिइएका सवारी साधन/हेभी उपकरणले **सवारी साधन कर** दाखिला गरे नगरेको बारेमा स्थानीय तहले वा अन्य निकायले दर्ता किताब ब्लु-बुक हेर्नु पर्नेछ। सवारी कर तिर्न बाँकी रहेको वा ब्लु-बुक नवीकरण नगरेकोलाई यातायात व्यवस्था कार्यालयमा पठाएर सवारी साधन कर तिर्न लगाउनु पर्नेछ। सवारी साधन कर तिरेको कागज पेश गरेपछि मात्र सवारी साधन लैजान पाउने व्यवस्था मिलाउनु पर्नेछ। | सवारी साधनका धनीलाई जरिवाना गर्दा |

पुनश्चः कोशी प्रदेशका यातायात व्यवस्था/सेवा कार्यालयमा दर्ता भएका **(साविक मेची अञ्चल, कोशी अञ्चलका र प्र.१ वा कोशी प्रदेश दर्ता नम्बर रहेका)** सवारी साधनलाई माथि लेखिए अनुसार कर वा जरिवाना छुटको प्रावधान लागू हुनेछ।